## श्रद्धेय उपाध्यक्ष श्री अञ्जुदेवी थपलियाले
## झापा गाउँसभाको चौधौँ गाउँसभा अधिवेशनमा पेश गर्नुभएको

# आ.व. २०८०/८१ को वार्षिक आय व्यय अनुमान (बजेट)

## झापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

टाघनडुब्बा झापा, कोशी प्रदेश, नेपाल

**२०८० आषाढ १०**

गाउँसभामा पेश मितिः २०८०/०३/१०
पारित मितिः २०८०/०३/१३

# आ.व. २०८०/८१ को बार्षिक बजेट

**आदरणीय सभाध्यक्ष ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारी मित्रहरु,**
**संचारकर्मी मित्रहरू,**
**साथै गाउँपालिकाको आधिकारिक फेसबुक पेजको प्रत्यक्ष प्रशारण मार्फत संसारभर प्रत्यक्ष रुपमा हेरीरहनु भएका तथा सुनिरहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाइ तथा दिदिबहिनीहरु ।**

झापा गाउँपालिकाको विकास र समृद्धिको ऐतिहासिक दस्तावेज यस गरिमामय चौधौं गाउँसभा मार्फत आ.व. २०८०/८१ को वार्षिक आय व्यय (बजेट) को अनुमान प्रस्तुत गर्न म यहाँहरु माझ उपस्थित भएको छु । पुरानो शासन सत्ता राजतन्त्रात्मक शासन व्यवस्था प्रणालीको अँध्यारो युगको अन्त्य गरी जनप्रतिनिधि मार्फत राज्य संचालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गराउने क्रममा आफ्नो जीवन आहुति गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । विभिन्न कारणले स्वदेश तथा विदेशमा ज्यान गुमाउनु हुने नेपाली लगायत विश्वभरका नागरिकहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

सभाध्यक्ष महोदय,

आज म यस पालिकाको सातौं बार्षिक बजेट प्रस्तुत गर्न गईरहेको छु । हामीले निर्वाचनको समयमा घोषणापत्र मार्फत देखाएका विकासको सपना पूरा गर्ने समयको सुरुवातमा प्रवेश गरिसकेका छौं । विगतका छ आर्थिक वर्षमा भएका विकासका योजना तथा कार्यक्रमलाई थप व्यवस्थित बनाउँदै सुविधा सम्पन्न, सम्भावना युक्त गाउँपालिका बनाउने समय यहाँहरु माझ पुनः स्मरण गराउन चाहन्छु । हामीले हालसम्म विनियोजन गरेको बजेट मार्फत सञ्चालित योजनाहरुले यस गाउँपालिकाको

नागरिकको जीवनस्तरमा आएको परिवर्तन तथा समग्र मानवविकासमा आएका सुधार , अन्य स्थानीय सरकार र हाम्रा विकासका प्रयासका समानता र नयाँपन , हामीले लिएका नीति तथा कार्यक्रमले **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय अभियानमा पुगेको योगदानको सन्दर्भ समीक्षा गर्दै अगाडि बढ्नुपर्ने समय आएको छ ।

सभाध्यक्ष महोदय,
झापा गाउँपालिकाको आर्थिक तथा सामाजिक आयामहरूमा देखिएका समस्या एवम् चुनौतीलाई सम्बोधन गर्दै यहाँको शासन, विकास र सेवा प्रवाहलाई गतिशिल बनाउने, सामाजिक समावेशीकरण र सशक्तीकरण प्रवर्द्धन गर्दै दिगो एवम् फराकिलो आर्थिक समृद्धि सहितको समुन्नत झापा गाउँपालिका निर्माण गर्ने तर्फ आगामी आ.व.को बजेट निर्देशित गरेको छु। आम झापा गाउँपालिकाबासी जनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत, विपन्न अल्पसंख्यक तथा पिछडिएका वर्ग र समुदायलाई विकासको मूल प्रवाहीकरणमा पुऱ्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

सभाध्यक्ष महोदय,
आर्थिक वर्ष २०७९/८० को राज्यको खस्कदो अर्थतन्त्र, राजस्व संकुचन, मुद्रास्फिति, व्यापार घाटा लगायत विगतको कोरोना माहामारीले बिथोलिएको अर्थव्यवस्था जस्ता कारणबाट आगामी आ.व. २०८०/८१ का लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय सङ्घीयता अन्तर्गतको बजेट अनुदानमा केही हदसम्म कटौती भएको अवस्था विदितै छ। यसबाट हाम्रो बजेटमा कत्तिको असर परेको छ , हामी सहजै अनुमान गर्न सक्छौ ।

सभाध्यक्ष महोदय,
नेपालको संविधानले हामीलाई प्रदान गरेको अधिकार, कर्तव्य र दायित्त्वको उचित प्रयोग र कार्यान्वयन गर्न सक्षम बन्दै जानु प्रमुख चुनौती बन्दै गएको छ । संघीय एवं प्रादेशिक सरकारको अनुदानमा यस गाउँपालिकाको विकास आजसम्म निर्भर रहँदै आएको छ । यसो हुनाले गाउँपालिकाको सर्वपक्षीय विकासलाई ठोस रुपमा अघि बढाउन नसकिएको अबस्था छ । नमूना योग्य विकासका प्रयास हुँदाहुदै पनि पर्याप्त

बजेट अभावका कारण हामी हाम्रा प्रयास दिगो र आम जनमानसमा अनुभूति हुने किसिमले देखाउन सकिरहेका छैनौं । करौडौं रकम बराबरको बजेट विनियोजन भई रहँदा समेत आज हामी स्वयम् जनप्रतिनिधि एवं आम नागरिकले कष्टप्रद अनुभूती गरिरहेको स्पष्ट छ । हामीले गरेका विकासका प्रयासहरुले जनतामा परिवर्तनको अनुभूति हुन जरुरी हुन्छ । यसर्थ हाम्रो तत्कालीन समयलाई आफ्नो कार्यकाल मात्रै सोच्दै गरिने विकासको शैलीलाई अझ परिवर्तन गरी दीर्घकालीन बनाउनु पर्ने भएको छ ।

सभाध्यक्ष महोदय,,

आ.व. २०८०/८१ को वार्षिक आय व्यय अनुमान (बजेट) प्रस्तुत गर्नुभन्दा पहिले म चालु आ.व. २०७९/८० को हाल सम्मको बजेट कार्यान्वयनको समीक्षा गर्न चाहन्छु ।

चालु आ.व. २०७९/८० का लागि गत वर्ष २०७९ साल असार १० गते सम्मानित गाउँसभाबाट विनियोजित कुल रकम रु ५० करोड ८१ लाख ५३ हजार ५ सय मध्ये मिति २०८० असार ०९ सम्म पुँजीगततर्फ ६३ प्रतिशत र चालु तर्फ करिब ६६ प्रतिशत खर्च भएको छ ।

सभाध्यक्ष महोदय ,

सम्बत २०७९ बैशाख ०३ गते स्थानीय तहको निर्वाचनमार्फत यस गाउँपालिकाको विकासको नेतृत्व लिंदै गर्दा गाउँपालिकाको समग्र विकासमा उल्लेख्य सुधार गनुपर्नेछ । मानव विकास, सुशासन, सडक पूर्वाधारहरुको तीब्र विकास, भौतिक सुधारका थुप्रै योजनाहरु, स्वास्थ्य क्षेत्रको सुधार, जनताको गाँसबास र जनजीविकाका सवालमा गाउँपालिकाले सुरुवात गरेका दर्जनौ कार्यक्रमहरुले गाउँपालिकाको मुहार फेरिने क्रममा रहेको छ । हालसम्म ६ वटा पक्की पुल तथा ४ वटा झोलुङ्गे पुल निर्माण सम्मन्न भएका छन भने ४ वटा ट्रस्ट पुल निर्माण सम्पन्न भैसकेको छन् ।

हालसम्म करिव ६५ किलोमिटर भन्दा बढी सडक कालोपत्रे भएका छन। स्वास्थ्य तर्फ ४ वटा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण भईसकेको छ, टाघनडुब्बा स्वास्थ्य चौकी स्तरोन्नति भइ १० शैयाको आधारभुत अस्पताल निर्माण सम्पन्नको क्रममा छ । त्यसैगरी गाउँपालिकाको प्रशासकीय भवनको दोस्रो तल्ला

निर्माणाधीन अवस्थामा रहेको छ। सम्पूर्ण वडा कार्यालयहरूले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेको अवस्था छ । टाघनडुब्बा आधारभूत अस्पताल, शरणामती स्वास्थ्य चौकी, कुमरखोद स्वास्थ्य चौकी र खयरबारी आधारभूत स्वास्थ्य केन्द्र गरी ४ स्थानमा ल्याब स्थापना भई सेवा प्रवाहको व्यवस्था मिलाइएको छ ।झापा गाउँ कार्यपालिका र मातहतका सबै सरकारी कार्यालयहरूमा विद्युतीय हाजिरी अनिवार्य गरिएको छ।

त्यसैगरी शिक्षा क्षेत्रको गुणस्तर र शिक्षामा सवै वर्गको पहुँच अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। आधारभुत तहको परीक्षालाई एकीकृत पद्धतिबाट सञ्चालन एवम् व्यवस्थापन गर्रिंदै लगिएको छ भने यसै वर्षबाट प्लस टु तहको परीक्षासमेत यसै पालिकामा परीक्षा केन्द्र तोकी सञ्चालन एवम् व्यवस्थापन गरिएको छ। शासन सञ्चालन, विकास व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन झापा गाउँपालिकाबासीको आवश्यकता, अपेक्षा र आकाङ्क्षा अनुरूपको नीति, नियम र कानून तर्जुमा गरी कार्यान्वयन गरिएका छन्।

सभाध्यक्ष महोदय,

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट निर्माण गर्न लिएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन २०७४,
- अन्य संघीय सरकार तथा कोशी प्रदेश सरकारबाट जारी गरिएका विषयगत कानूनहरू,
- संघीय तथा प्रदेश सरकारका विभिन्न समयका परिपत्र तथा मार्गदर्शन,
- संघीय सरकारको पन्ध्रौं योजना तथा कोशी प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजना,
- झापा गाउँपालिकाका विषयगत ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू,
- झापा गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना,
- विभिन्न समयमा गाउँपालिकामा राजनीतिक दल, स्थानीय सरोकारवाला, नागरिक समाज, तथा आम उपभोक्ताहरुको भेलाका निर्णय तथा प्राप्त सुझावहरु,

- गाउँपालिकाले विभिन्न विकासका साझेदारहरुसँग गरेका प्रतिबद्धताहरु,
- वडा समितिबाट प्राप्त माग तथा सुझावहरू।
- दातृ निकायहरूसँग भएका सम्झौताहरू।
- श्रोत साधनको उपलब्धता।
- सरोकारलाहरूको सल्लाह ,सुझावहरु तथा सहमति  आदि ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०८०/८१ को यस गाउँपालिकाको अनुमानित आय व्ययको प्रमुख विशेषता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. सोच** : झापा गाउँपालिकालाई सुशासनयुक्त शान्त, समृद्ध एंव सुविधा सम्पन्न गाउँपालिकाको रुपमा स्थापित गर्ने ।

**२. लक्ष्य** : आ.व २०८०/८१ भित्र यस गाउँपालिकाको भौत्तिक एंव सामाजिक विकासमा आम नागरिकहरुको न्यायोचित तथा प्रत्यक्ष सहभागीताको सुनिश्चितता गर्ने स्थितिको सिर्जना गर्ने ।

**३. उद्देश्य :**

**"गुणस्तरीय शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारः समृद्ध झापा गाउँपालिकाको आधार"** भन्ने मुल नारासहित गाउँपालिकाबासीको जीवनस्तरमा परिवर्तन ल्याई गरिवी न्यूनीकरण गर्दै विकासको प्रतिफलमा न्यायोचित वितरण गर्दै परिवर्तनको प्रत्यक्ष अनुभुति गराउने यस बजेटको प्रमुख उद्देश्य हुनेछ ।

**४. सहायक उद्धेश्यहरु :**

- सडक यातायातलाई दिगो बनाउदै ग्रामीण सडकको स्तरोन्नती गर्ने साथै भौतिक पूर्वाधार विकासलाई जोड दिने ।
- गाउँपालिकाभित्र स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गुणात्मक सुधार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको प्रत्याभूति दिलाउने ।
- कृषि आधुनिकीकरण मार्फत रोजगारी प्रवर्द्धन गर्ने ।
- शान्त, सहिष्णुता युक्त र सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।

- गाउँपालिकाको सेवा प्रवाहमा छरितो, पारदर्शी तथा जवाफदेही बनाउँदै जनताको घरदैलो सम्म प्रभावकारीता अभिवृद्धि गर्ने ।

## ५. प्राथमिकता

आ.व २०८०/८१ को बजेटको प्राथमिकता क्षेत्रहरु निम्न बमोजिम रहेका छन् ।

- कृषि क्षेत्रमा आधुनिकीकरण सुरुवात गर्दै कृषिजन्य वस्तुको बजारीकरण गर्ने।
- सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण गर्ने।
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्ने।
- सामाजिक न्याय तथा समानता सहितको समाज निर्माण गर्ने।
- गुणस्तरीय सेवा प्रवाहमार्फत सुशासन र पारदर्शिता प्रर्वद्धन गर्ने।
- मर्यादित रोजगार प्रवर्द्धन गर्ने।

सभाध्यक्ष महोदय,

सीमित पुँजीबाट अनेकौं क्षेत्रको विकासका ईच्छा, आकाङ्क्षा, चाहना, आवश्यकता परिपूर्ति गर्नुपर्ने हाम्रो बाध्यता छ । कुल बजेटको आकार ठुलो देखिएता पनि हामीलाई प्राप्त विकास बजेटको हिस्सा न्यून रहेकाले सबै वडाबाट, विषयगत समितिबाट, एवं अन्य पक्षबाट माग भएको योजना तथा कार्यक्रमलाई माग भएजति रकम विनियोजन गर्न नसकिएको व्यहोरा म यहाँहरु माझ सादर जानकारी गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय,

२०८० साल असार ०८ गते यस गरिमामय सभामा प्रस्तुत भएको गाउँपालिकाको नीति तथा कार्यक्रमलाई यस बजेटले सकेसम्म सम्बोधन गर्ने र कार्यक्रमलाई सोही अनुरुप बजेट विनियोजन गर्ने प्रयास गरेको विश्वास दिलाउन चाहन्छु । अब म आ.व. २०८०/८१ को बार्षिक बजेटको विस्तृत विवरण सार्वजनिक गर्न गईरहेको छु ।

आयतर्फः

| | |
|---|---|
| १. संघीय राजश्व बाँडफाँड | : रु ९ करोड ७८ लाख ४९ हजार २ सय |
| २. संघीय सशर्त अनुदान | : रु २२ करोड ३ लाख |
| ३. संघीय समानीकरण अनुदान | : रु ११ करोड ६९ लाख |
| ४. संघीय समपूरक अनुदान | : रु ५० लाख |
| ५. संघीय विशेष अनुदान | : १ करोड १५ लाख |

६. प्रदेश समानीकरण अनुदान : रु ७३ लाख ६२ हजार
७. प्रदेश राजश्व बाँडफाड :रु ४३ लाख २१ हजार
८. प्रदेश सशर्त अनुदान : रु ८१ लाख २५ हजार
९. प्रदेश समपूरक अनुदान : ९६ लाख ६० हजार
१०. आन्तरिक आय : रु १ करोड ८० लाख

**जम्मा आय (अनुमानित) : रु ४९ करोड ९० लाख १७ हजार २ सय मात्र ।**

यसरी कुल विनियोजित रकम रु ४९ करोड ९० लाख १७ हजार २ सय रहेको छ र यसलाई मैले झापा गाउँपालिकाको विनियोजन विधेयक, २०८० मा प्रस्तुत गरेको छु र यसको विस्तृत विवरण तथा कर, दस्तुर, जरिवानाका दरहरु आर्थिक विधेयक, २०८० को अङ्कको रुपमा पेश गरेको छु ।

## व्ययतर्फ

उल्लेखित आयका आधारमा झापा गाउँपालिकाको विनियोजन विधेयक, २०८० को खर्चको विवरण देहाय बमोजिम प्रस्तुत गरेको छु ।

**१. गाउँपालिका प्रशासनिक चालु खर्च तर्फ रु ६ करोड १५ लाख ७० हजार आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन गरेको छु ।**

**२. गाउँपालिका पुँजीगत तर्फ रकम विनियोजन गर्दै देहाय बमोजिमका उपशीर्षकमा विभाजन गरेको छु**

क. आर्थिक विकास तर्फ रु : रु २ करोड २० लाख
ख. पूर्वाधार विकास तर्फ रु : रु. १० करोड ५१ लाख
ग. वन वातावरण विपद तथा सरसफाई तर्फ रु : ६ लाख
घ.संस्थागत विकास , सेवा प्रवाह तथा सुशासन तर्फ रु : ८ लाख
ङ. सामाजिक विकास तर्फ रु : ५ करोड ४३ लाख ५६ हजार

**३. संघीय सशर्त अनुदान : रु २२ करोड ३ लाख**
**४. संघीय विशेष अनुदान : रु १ करोड १५ लाख**
**५. संघीय समपूरक अनुदान : रु ५० लाख**
**६. प्रदेश सशर्त अनुदान : रु ८१ लाख २५ हजार**
**७. प्रदेश समपूरक अनुदान : ९६ लाख ६० हजार**

**जम्मा व्यय (अनुमानित) : रु ४९ करोड ९० लाख १७ हजार २ सय मात्र ।**

यसरी कुल विनियोजित रकम रु ४९ करोड ९० लाख १७ हजार २ सय रहेको छ र यसलाई मैले झापा गाउँपालिकाको विनियोजन विधेयक,२०८० मा प्रस्तुत गरेको छु ।

विनियोजन विधेयकका शीर्षकगत बाँडफाँड देहायबमोजिम हुनेगरी विस्तृत रुपमा उल्लेख गरेको छु।

**१. गाउँपालिका प्रशासनिक चालु खर्च** शीर्षकका सम्पूर्ण क्रियाकलापहरुका लागि एकमुष्ट रु ६ करोड १५ लाख ७६ हजार २ सय विनियोजन गरेको छु जुन अनुसूचि -१ मा उल्लेख भए बमोजिम रहेको छ ।

**२. गाउँपालिका पुँजीगत खर्च** शीर्षकका योजना तथा कार्यक्रमहरुका लागि अनुसुची २ देखि ६ बमोजिमको बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

१. नेपाल सरकारबाट सशर्त अनुदान (चालु) अन्तर्गत आधारभूत तथा आकष्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिदका लागि रु १६ लाख ७८ हजार विनियोजन भएको छ ।झापा गाउँपालिकामार्फत मातृ तथा नवशिशु कार्यक्रमका लागि ७ लाख ५१ हजार तथा क्षयरोग नियन्त्रणका लागि २ लाख लगायत स्वास्थ्य सेवा सम्बन्धी विभिन्न कार्यक्रमहरूका लागी सङ्घीय सरकारबाट रु ६४ लाख बजेट प्राप्त भएको छ।
२. सबैका लागि शिक्षा आधारभूत तह तर्फ रु ९ करोड ४८ लाख विनियोजन गरिएको छ ।
३. माध्यमिक तह स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि रु २ करोड १ लाख विनियोजन गरिएको छ ।

४. विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानका लागि रु १ करोड ८ लाख ३४ हजार रकम विनियोजन प्राप्त भएको छ।भने यस अन्तर्गत नेपाल सरकारको न्युनतम तलबमानमा अपुग रकम थप गर्न यस पालिकाबाट बजेट बिनियोजन गरिएको छ।माध्यमिक तह कक्षा ९/१० तथा आधारभूत तह कक्षा ६ देखि कक्षा ८ सम्म अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान क्रमशः रु २२ लाख ७२ हजार र ९ लाख ३ हजार प्राप्त भएको छ। त्यसैगरी सार्वजनिक विद्यालयका विद्यार्थी हरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान रु ५५ लाख २३ हजार, तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान रु १ करोड ६३ लाख ५५ हजार, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान रु २३ लाख ५७ हजार, शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक, बैकल्पिक शिक्षा (परम्परागत, वैकल्पिक विद्यालय शाक्षरता र निरन्तर शिक्षा) कार्यक्रमका लागि ५६ लाख २४ हजार तथा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत रु ६५ लाख तथा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरूका लागि छात्रवृत्ति रकम रु १९ लाख १३ हजार बजेट संघीय सरकारबाट हस्तान्तरण भई प्राप्त भएको छ।
५. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगार श्रमिक तथा युवा रोजगार रुपान्तरण पहल कार्यक्रमका लागि रु ४६ लाख विनियोजन गरिएको छ ।
६. राष्ट्रिय परिचय पत्र एवं पन्जिकरण कार्यका लागि रु ६ लाख विनियोजन गरिएको छ ।
७. स्थानीय स्तरमा उद्यमशीलता विकासका लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्न रु १७ लाख विनियोजन भएको छ ।
८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत कृषि उत्पादन केन्द्र (पकेट) विकासका लागि रु ५ लाख तथा पशु सेवा विकासका लागि ३ लाख प्राप्त भएको छ तथा मकैबाली प्रवर्द्धन कार्यक्रमका लागि १० लाख लगायत कृषि तर्फ सशर्त अनुदान बापत ५४ लाख प्राप्त भएको छ ।

९. बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्न रु ३ लाख, आयुर्वेद सेवा कार्यक्रमका लागि रु ६ लाख विनियोजन भएको छ ।

१०. संघीय सरकारबाट प्राप्त समपूरक अनुदान तर्फ गणित गाउँ रूहिमारी ज्यामिरे चोक हुदैं झापा बजारसम्म सडक कालोपत्रे (झापा गा.पा. वडा नं ३ र ४) योजना सम्पन्न गर्न रु ५० लाख बिनियोजन भएको छ ।

११. नेपाल सरकारबाट सशर्त अनुदान (पूजीगत) तर्फ झोलुंगे पूल क्षेत्रगत कार्यक्रम अन्तर्गत रु ३० लाख रुपैयाँ विनियोजन भएको छ ।

१२. नेपाल सरकारको विशेष अनुदान (पूँजीगत) तर्फ सन्थाल, दलित, मुस्लीम, मधेसी, आदिबासी, जनजाति लगायत विपन्न वर्गका लागि आवास निर्माण गर्न वडा नं ३, ४ र ५ का लागि रु १ करोड १५ लाख प्राप्त भएको छ ।यसलाई मैले अनुसूचिमा उल्लेख गरेको छु।

सभाध्यक्ष महोदय,

माथि उल्लेखित संघीय सशर्त, संघीय समपूरक र संघीय विशेष अनुदान मार्फत विनियोजित कार्यक्रम संक्षिप्तमा प्रस्तुत गरिसके पछि अब म आ.व. २०८०/८१ का लागि कोशी प्रदेश सरकारबाट हस्तान्तरित बजेट तथा तथा कार्यक्रमहरू संक्षिप्त प्रस्तुत गर्न गई रहेको छु ।

- स-शर्त अनुदान तर्फ स्यालो ट्युब-वेल तथा मोटर जडानका लागि रु ५० लाख, झापाबजार स्थित अधुरो कृषि बजार निर्माणका लागि रु १५ लाख, स्वास्थ्य चौकीहरूको औजारउपकरण खरिदका लागि रु १० लाख लगायतका अनुदान प्राप्त भएको छ।
- प्रदेश समपूरक अनुदान अन्तर्गत दुर्गाचोकदेखि चन्द्रकित्ता सम्मको बाटो कालोपत्रेका लागि रु ९६ लाख ६० हजार प्राप्त भएको छ।

सभाध्यक्ष महोदय,

माथि उल्लेखित संघीय तथा प्रदेश सरकारबाट विनियोजित कार्यक्रम संक्षिप्तमा प्रस्तुत गरिसके पछि अब म आ.व. २०८०/८१ का लागि झापा गाउँपालिकास्तरीय चालु खर्च प्रस्तुत गर्न गइरहेको छु ।

**चालु खर्च तर्फः**

- नेपाल सरकारले निर्धारण गरेको गत आर्थिक वर्षको कर्मचारीको मासिक तलबलाई निरन्तरता दिई सोही अनुसारको तलबलाई निरन्तरता दिँदै स्थायी तथा करार सेवाका कर्मचारीहरूको पारिश्रमिक भुक्तानी गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- झापा गाउँपालिकाको स्रोतबाट तलब खाने करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षाका क्षेत्रमा समेट्ने उद्देश्यका साथ संचयकोषमा आवद्ध गर्न सम्बन्धित कर्मचारीको पारिश्रमिकबाट १०% कट्टा गरी सोहि बराबर थप गरी संचय कोषमा जम्मा गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु । भुमि, तथा जग्गा वर्गिकरण तथा अन्य आकस्मिक कार्यका लागि थप कर्मचारी व्यवस्थापन गर्न रु १० लाख विनियोजन गरेको छु ।
- वडास्तरीय चालु खर्चका लागि रु २५ लाख २० हजार विनियोजन गरेको छु ।
- विविध खर्च रु १९ लाख, सभा संचालन खर्च रु ७ लाख, घरभाडा रु ४ लाख, भैपरी आउने चालु खर्च १२ लाख, गाउँपालिका वडा कार्यालय, विषयगत शाखा कार्यालय आदिको अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठीका लागि रु १ लाख, अध्ययन,अनुसन्धान, अवलोकन भ्रमण कार्यक्रम (जनप्रतिनिधि तथा कर्मचारी) खर्च २ लाख ६ हजार २ सय, ऐन नियम कार्यविधि निर्माण १ लाख, कार्यक्रम अन्य खर्च ३ लाख, इन्धनका लागि रु २५ लाख, सवारी साधन मर्मत १४ लाख, बीमा तथा नवीकरण रु ४ लाख, मेसिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च ८ लाख, मसलन्द तथा कार्यालय सामग्री रु ३० लाख , पुस्तक तथा सामग्री खर्च ५० हजार, पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च १६ लाख, सेवा तथा परामर्श खर्च रु ५ लाख, कर्मचारी बैठक भत्ता रु ४ लाख, पदाधिकारी बैठक भत्ता रु १५ लाख, पदाधिकारी सुविधा रु ६० लाख, कर्मचारी कल्याण कोषका लगी रु ५ लाख, पानी तथा बिजुली रु ७ लाख, संचार ९ लाख, सवारी साधन भाडा १ लाख, अन्य भत्ताका लागि २ लाख रुपैयाँ गरी जम्मा **रु ६ करोड १५ लाख ७० हजार** गाउँपालिका प्रशासनिक चालु खर्च तर्फ विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,
अब म यस गाउँपालिकाको पूँजीगत खर्चको बिनियोजन देहाय बमोजिम रहने गरी प्रस्तुत गर्न गइरहेको छु ।

**<u>आर्थिक विकास तर्फ</u>**

- सहकारी विकासका लागि रु ५ लाख, ५०% लागत साझेदारीमा कृषि समूह र कृषि सहकारी मार्फत किसानलाई धान, मकै र आलुको उन्नत बिउबिजन खरिद तथा वितरण गर्नका लागि रु ५० लाख विनियोजन गरेको छु | कृषक, कृषि समूह र कृषि सहकारी सँगको ५०% साझेदारीमा कृषिजन्य मेसिनको खरिद तथा वितरणका लागि रु २५ लाख, कृषि क्षेत्रमा विद्युत विस्तार तथा व्यवस्थापनका लागि रु १ करोड, कृषकलाई सिंचाईं कार्यको लागि विद्युत महसुलमा चालु आ.व. को ५०% लाई वृद्धी गरी ६०% सम्म अनुदान प्रदान गर्नका निमित्त रु २० लाख विनियोजन गरेको छु । कृषि वाली तथा पशुपालनमा कृषकसंगको ५०/५० प्रतिशतको लागत साझेदारी मार्फत वीमा कार्यक्रमका लागि रु ६ लाख विनियोजन गरेको छु तथा कृषक तालिमका लागि रु २ लाख विनियोजन गरेको छु ।
- पशु सेवा विकास तर्फ ५०% लागत साझेदारीमा नश्ल सुधार कार्यक्रम संचालन गर्नका लागि रु ३ लाख, पशु आहारका लागि घाँसको बिउ वितरण रु १ लाख, पशु रोग नियन्त्रण तथा औषधि खरिदका लागि रु ३ लाख विनियोजन गरेको छु ।
- त्यसैगरी पर्यटन क्षेत्रको विकासका लागि रु ५ लाख विनियोजन गर्दै झापा गाउँपालिकाको समग्र आर्थिक विकासका लागि **रु २ करोड २० लाख** बजेट विनियोजन गरेको छु ।

**<u>पूर्वाधार विकासका तर्फ</u>**

- वडास्तरीय योजनाका लागि सातै वटा वडामा एकमुष्ठ रु १ करोड ९६ लाख, गाउँपालिका स्तरीय तथा झापा गौरवका आयोजनाका लागि जम्मा रु

४ करोड ५५ लाख, समपूरका कोषका लागि रु ६५ लाख, सानातिना मर्मतका लागि रु ९० लाख, स्थानीय सरकार संचालन ऐन,२०७४ दफा ७० मा व्यवस्था भए बमोजिम स्थानीय कानुन बमोजिम खर्च हुने गरी आकस्मिक कोष स्थापना गरी संचालन गर्न आकस्मिक कोषमा रु ५० लाख, बिपन्न आवास कार्यक्रमका लागि रु १ करोड, गाउँपालिका प्रशासनिक भवनको बाँकि रहेको भौतिक निर्माण सम्पन्न गर्नका लागि रु. ५० लाख, नगरविकास कोष सँगको साझेदारीमा पूर्वाधार विकासका लागि रु ३० लाख, मध्यकालीन खर्च संरचना तथा डीपीआरका लगायत परामर्श सेवाका लागि रु १५ लाख विनियोजन गर्दै समग्र पूर्वाधार विकासका लागि जम्मा रु १० करोड ५१ लाख विनियोजन गरेको छु ।

**<u>वन वातावरण तथा सरसफाई तर्फ</u>**

- वन तथा वृक्षरोपण कार्यक्रमका लागि रु २ लाख, फोहोरमैला, सरसफाई तथा खानेपानी व्यवस्थापन गर्न रु ४ लाख गरी वन वातावरण तथा सरसफाई तर्फ रु ६ लाख विनियोजन गरेको छु।

**<u>संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ</u>**

- सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाईका लागि रु १ लाख, डिजिटल सार्वजनिक सेवा बडापत्र व्यवस्थापना लागि १ लाख,, कर्मचारी सूचना प्रविधि, खरिद तथा कार्यालय व्यवस्थापन तालिमका लागि रु १ लाख, स्थानीय तह स्व-मुल्याङ्कन (लिजा) तथा वित्तीय सुशासन जोखिम मुल्याङ्कनका लागि रु १ लाख, न्यायिक समिति तथा मेलमिलाप कर्ताहरूका लागि पूनर्ताजगी तालिमका लागि रु १ लाख, न्यायिक समिति तथा मेलमिलाप समितिको कार्यालय व्यवस्थापनका लागि रु २ लाख तथा वडास्तरमा रहेका मेलमिलाप केन्द्रलाई दिवाखाजा व्यवस्थापनका लागि प्रतिवडा वार्षिक रु १४ हजारका दरले एकमुष्ट रु. १ लाख गरी संस्थागत क्षमता विकास, सेवा प्रवाह तथा सुशासन तर्फ जम्मा रु ८ लाख विनियोजन गरेको छु ।

**<u>सामाजिक विकासका तर्फ</u>**

➢ **शिक्षा :**

शिक्षा विकासका लागि रु २० लाख, विद्यालयको भौतिक सुधार तथा व्यवस्थापन एवं जनता,डिल्लीराज र जनकल्याण मा.वि. मा निःशुल्क प्लस टु शिक्षा प्रदान गर्न रु ७० लाख, नौ कक्षामा अध्ययनरत छात्रछात्रालाई साइकल वितरण गर्नका लागि रु ४१ लाख, विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम (मुस्लीम, एस.ई.ई. मा प्रथम गर्ने विद्यार्थी, प्राविधिक शिक्षा)का लागि रु १० लाख, स्थानीय पाठ्यक्रम निर्माण तथा व्यवस्थापन गर्नका निम्ति रु १० लाख र झापा नमुना क्याम्पस संचालन गर्नका लागि  रु १० लाख विनियोजन गरेको छु । त्यसैगरी बाल शिक्षक तथा विद्यालय कर्मचारीलाई नेपाल सरकारबाट प्राप्त हुने पारिश्रमिक रकममा थप गर्न रु ७२ लाख, मदरसामा अध्यापन गराउने शिक्षक पारिश्रमिकका लागि रु. ४५ लाख ४० हजार विनियोजन गरेको छु।

➢ **स्वास्थ्यः**

- स्वास्थ्य जीवन तथा योग, ध्यान विपसना कार्यक्रम संचालन गर्न रु १ लाख, आयुर्वेद सेवाका कार्यक्रमहरू संचालन गर्न रु ६ लाख, सबै जातजाति, भाषा धर्म संस्कृतिका विपन्न परिवार र विपन्न वर्गका दलितको लागि स्वास्थ्य विमा कार्यक्रमका लागि ५ लाख, उपाध्यक्ष मातृ शिशु स्याहार कार्यक्रमका लागि रु ४ लाख, झापा गाउँपालिकाका गर्भवती महिलालाई झापा जिल्लाभरीका अस्पताल सम्म लैजान/ल्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा (जिरो होम डेलिभरी) प्रदान गर्नका लागि रु १५ लाख विनियोजन गरेको छु ।
- अस्पताल तथा स्वास्थ्य सेवा संचालनका लागि रु २५ लाख , विपन्न नागरिकहरूलाई स्वास्थ्योपचार सहायता प्रदान गर्नका लागि जनता उपचार कोषमा रु ५ लाख, महिला स्वास्थ्य स्वयम् सेविकालाई कार्यसम्पादनमा आधरित रु ३००० मासिक प्रोत्साहन प्रदान गर्न रु ११ लाख १६ हजार विनियोजन गरिएको छ।
- झापा गाउँपालिकामा स्थायी बसोबास गर्ने नागरिकलाई सुगर,प्रेसर लगायतका दिर्घ रोगहरूको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेको छु ।

➢ **युवा तथा खेलकुदः**

- अध्यक्ष कप फुटबल, भलिवल तथा क्रिकेटलाई निरन्तरता दिँदै यसका लागि ८ लाख तथा खेलकुद विकास कार्यक्रममा रु ८ लाख विनियोजन गरेको छु। युवा उद्यमशीलता प्रवर्द्धन अभिमुखीकरण र विकासका लागि रु ३ लाख तथा युवाहरूलाई सिपमूलक तालिम प्रदान गर्नका लागि रु ५ लाख, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाउन सफल खेलाडी सम्मानका लागि रु १ लाख, झापा गाउँपालिकास्तरीय राष्ट्रपति रनिंग शिल्ड कपका लागि रु २ लाख विनियोजन गरेको छु ।

➢ **महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः**

- झापा गाउँपालिका भित्रका मधेसी, दलित, मुस्लीम, फरक क्षमता भएका खस आर्य, जनजाति, आदिबासी तथा पिछडिएका वर्गका महिलाहरूलाई विशेष क्षमता अभिवृद्धि कार्यक्रम गर्न महिला सशक्तिकरण तथा सीप, क्षमता विकास कार्यक्रममा रु १० लाख विनियोजन गरेको छु । ३५ दिनभित्र जन्मदर्ता गर्ने बालबालिकालाई बाल पोषण तथा सुत्केरी सहायता रु ३००० का दरले वितरण गर्नका लागि रु १० लाख विनियोजन गरी महिला विकास तर्फ रु २० लाख विनियोजन गरेको छु ।
- ८४ वर्षमाथिका अति ज्येष्ठ नागरिक तथा ६० वर्ष माथिका विदुर एकल ज्येष्ठ नागरिक लाई सम्मान प्रदान गर्न तथा सबै धर्म वर्ग, लिंग,क्षेत्रका ज्येष्ठ नागरिकको भ्रमण तथा तीर्थयात्रा कार्यक्रमका लागि एकमुष्ठ रु २० लाख विनियोजन गरेको छु ।
- ३५ दिनभित्र जन्मदर्ता गर्ने दलित बालबालिका जन्मदर्ता प्रोत्साहनका लागी रु ५० हजार, विभिन्न दिवस तथा अन्य कार्यक्रमका लागि रु ५० हजार र बालमैत्री गाउँपालिका घोषणा तथा बाल लक्षित कार्यक्रमका लागि रु ३ लाख बजेट विनियोजन गरेको छु ।

➢ अपांग सशक्तिकरण कार्यक्रम तथा अपाङ्गता केन्द्रको कार्यालय व्यवस्थापनका लागि ५ लाख , बिभिन्न धर्म, परम्परा, संस्कारको जगेर्ना गर्न रु ८ लाख रकम विनियोजन गरेको छु। झापा गाउँपालिकाका स्थायी बासिन्दाहरूलाई शर्पदंश

तथा छाडा कुकुरको टोकाईमा निःशुल्क उपचार सहायता प्रदानका लागि रु ५ लाख र झापा गाउँपलिकाबासीलाई निः शुल्क रक्त सहायता कार्यक्रमका निमित्त रु ४ लाख विनियोजन गरेको छु ।

- मृत्यु संस्कार कार्यक्रममा प्रदान गर्दै आएको रु १५ हजारमा  रु २ हजार वृद्धि गरी रु १७ हजारका दरले प्रदान गर्न रु ४० लाख रकम विनियोजन गरेको छु । यो सुविधा लिन नचाहने झापा गाउँपालिकाबासी मृतक परिवारलाई स-सम्मान समवेदना प्रकट गरिनेछ ।
- झापा गाउँपालिकामा स्थायी रुपले बसोबास गरेका मासिक ४० युनिट भन्दा कम विद्युत खपत गर्ने विपन्न वर्गका घर परिवारको विद्युत महसुल स्थानीय सरकारले बेहोर्ने व्यवस्था मिलाइएको छ जसका लागि रु ५० लाख विनियोजन गरेको छु। माथिका सबै प्रकारका सहायता सम्बन्धी सुविधा प्राप्त गर्नका लागि घरधुरी कर अनिवार्य तिरेको हुनुपर्ने व्यवस्था मिलाएको छु ।यसरी सामाजिक विकासका निम्ति रु ५ करोड ४३ लाख ५६ हजार बजेट विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०८०/८१ का लागि विनियोजित गाउँपालिका स्तरीय तथा झापा गौरवका आयोजनाका निम्ति प्रति वडा रु ६५ लाखका दरले विनियोजन गरिएको जम्मा रु ४ करोड ५५ लाख बजेटलाई देहायबमोजिम प्रस्तुत गर्न गइरहेको छु।

- वडा नं. १

| | | |
|---|---|---|
| १ | मुल्विको घर अमरपथ सडक बाट वीर सिंह गाउँ हुदैं सालमारा सम्मको सडक कालोपत्रे | ५० लाख |
| २ | वडा कार्यालयको छतमा ट्रष्ट निर्माण | ५ लाख |
| ३ | अमरसिंह प्रा.वि. देखि सितुमारी जोडिने बाटो क्रमागत ग्राभेल | ५ लाख |
| ४ | रसुनगञ्ज पक्की पुल देखि सालमारा जाने बाटो ग्राभेल | ५ लाख |

- वडा नं. २

| | | |
|---|---|---|
| १ | इन्द्र खतिवडाको घर हुदै हुलाकी सडकको पुरानो प्रहरी चौकी सम्म कालोपत्रे | ५० लाख |
| २ | गणेशथान मन्दिर देखि मेनेजर डेरा हुदै सानो माई सम्म ग्राबेल | ५ लाख |
| ३ | कामत बस्ती देखि पूर्व बगान जाने बाटो ग्रावेल | ५ लाख |
| ४ | कुवाडी बजार पश्चिम मलामी बाटो ग्रावेल | ५ लाख |

- वडा नं. ३

| | | |
|---|---|---|
| १ | फूलगाछी देखि पूर्व जाने कालोपत्रे देखि दक्षिण गणित गाउँसम्म कालोपत्रे | ५० लाख |
| २ | सिमलबाडी बजार ढलान | ५ लाख |
| ३ | गैरिगाउँ दक्षिण बगान छेउ स्ल्याब पूल निर्माण | ५ लाख |
| ४ | वडा कार्यालय भवन माथि ट्रष्ट निर्माण | ५लाख |

- वडा नं ४

| | | |
|---|---|---|
| १ | चर्तागाछी देखि भानुभक्त प्रा.वि. सम्म कालोपत्रे | ५० लाख |
| २ | आधारभुत मदरसाको छेउमा इदगाह घेराबारा | ५ लाख |
| ३` | आतुको घर छेउमा पक्कि पूल निर्माण | ५ लाख |
| ४ | भामटोली गाउँको बाटो ग्रावेल | ५ लाख |

- वडा नं. ५

| | | |
|---|---|---|
| १ | हुलाकी सडक पन्थापाडा देखि दक्षिण भिम गणेशको गाउँ बिष्णु चोक हुँदै पश्चिम आधारभुत स्वास्थ्य केन्द्र सम्म कालोपत्रे | ५० लाख |
| २ | पुरानो शरणामती ज्येष्ठ नागरिक भवन निर्माण | ५ लाख |

| | | |
|---|---|---|
| ३ | दुखु गणेशको घरदेखि उत्तर फलामे पुल मर्मत सहित बाटो मर्मत | ५ लाख |
| ४ | राजन भण्डारीको किराना पसलदेखि पश्चिम खेल मैदान हुँदै कल्भर्ट निर्माण सहित बाटो मर्मत | ५लाख |

➢वडा नं. ६

| | | |
|---|---|---|
| १. | चन्द्रबस्ती देखि स्वास्थ्य चौकी हुँदै अमरपथ सम्म कालोपत्रे | ५० लाख |
| २. | चन्द्रबस्ती देखि बिरिङ खोला जाने बाटोको खोल्सीमा कज्वे निर्माण | ५ लाख |
| ३. | गुरुकुल सत्सङ्ग भवन निर्माण | ५ लाख |
| ४. | शरणामती बजारको खालिङ फर्निचर देखि पूर्व ढल निकास | ५ लाख |

➢वडा नं. ७

| | | |
|---|---|---|
| १. | मदरगाछ वजारदेखी जनमघुटु हुदै वडा न. ७ को वडा कार्यालय सम्मको सडक कालोपत्रे । | ५० लाख |
| २ | वडा कार्यालयको छतमा ट्रष्ट निर्माण | ५ लाख |
| ३ | श्री कृष्ण प्रणामी मन्दिर (दयालधाम) मा शौचालय तथा बाथरूम निर्माण | ५ लाख |
| ४ | पदम राईको घर दक्षिणको बाटोमा बक्सपूल निर्माण | ५ लाख |

सभाध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०८०/८१ मा वडा स्तरबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

➢ वडा न. १ तर्फ

| क्र.स. | आयोजनाको नाम | रकम |
|---|---|---|
| १ | बब्लु हास्दाको घरदेखि उत्तर जाने बाटो निर्माण तथा ह्याम्पाईप जडान | १ लाख |

| | | |
|---|---|---|
| २ | सत्सङ्ग मन्दिर देखि पश्चिम जाने बाटो ग्राभेल | १ लाख |
| ३ | लुखि मुर्मुको घर देखि उत्तर स्कुल तर्फ जाने बाटो | १ लाख |
| ४ | हनुमान मन्दिर देखि पूर्व रमेश यादवको घरतिर जाने बाटो | ५० हजार |
| ५ | शरण यादवको घरदेखि कालोपत्रे जोडिने बाटो ग्राभेल | १ लाख |
| ६ | मुवारक मस्जिद देखि साउदको घर जाने बाटो निर्माण | १ लाख |
| ७ | लाम्सेको घरदेखि दक्षिण बाँसघारी जाने बाटो ग्राभेल | ५० हजार |
| ८ | झोलुङ्गे पुल देखि दक्षिण गाउँ जाने बाटो ग्राभेल | ५० हजार |
| ९ | अवलोकन भ्रमण | १ लाख |
| १० | सहवतलाल- ग्रामथान निर्माण | ५० हजार |
| ११ | कैलु- ग्रामथान निर्माण | ५० हजार |
| १२ | सालमारा बजार व्यवस्थापन | १ लाख |
| १३ | स्माइल मिँयाको घरदेखि उत्तर नयाँ बाटोमा ह्युमपाईप जडान | ५० हजार |
| १४ | मदरसा फैजुल उलुम भौतिक सुधार | १ लाख |
| १५ | गोश्वामी- ग्रामथान निर्माण | ५० हजार |
| १६ | किरात मन्दिर प्राङ्गणमा माटो पुर्ने | ७५ हजार |
| १७ | लक्ष्मीनारायण मन्दिरमा टायल्स जडान | १ लाख |
| १८ | राजवंशी- ग्रामथान निर्माण सितुमारी | ५० हजार |
| १९ | सितुमारी पैनी मर्मत | १ लाख |
| २० | शिक्षा विकास | ३ लाख |
| २१ | महिलाहरुलाई अचार र सस बनाउने तालिम (सितुमारी र लसुना) | १ लाख |

| | | |
|---|---|---|
| २२ | साबुन,फिनेल, हर्पिक उत्पादन गर्ने तालिम (रसुनगंज र सालमारा) | १ लाख |
| २३ | वडा कार्यालयमा व्यवस्थापन | १ लाख |
| २४ | सिलाई प्रशिक्षक र धागो खरिद | २५ हजार |
| २५ | नेपाल रेडक्रस उपशाखा कुमरखोदमा फर्निचर खरिद | ५० हजार |
| २६ | वडा स्तरीय मर्मत सुधार तथा विविध कार्यक्रम | ३ लाख ५० हजार |
| जम्मा बजेट | | २५ लाख |

➢ वडा न. २ तर्फ

| क्र.स. | आयोजनाको नाम | रकम |
|---|---|---|
| १ | सडकबती  मर्मत सम्भार झापा बजार | ७५ हजार |
| २ | दुर्गा मन्दिर धर्मशालाको टिन खरिद | ५० हजार |
| ३ | हल्दारबस्तीको शिव मन्दिर निमार्ण | १ लाख |
| ४ | कृपाको घर जाने बाटो  मर्मत | ५० हजार |
| ५ | कृपा मर्डीको घर छेउको चर्च र सुगा वथान राम मन्दिर व्यवस्थापन | ५० हजार |
| ६ | धर्मलालको घरदेखि ओमशान्ति सम्म बाटो | ५० हजार |
| ७ | टेनियाको घर देखि कुवाडी स्कुल निस्कने बाटो | १ लाख |
| ८ | किर्तन मण्डली भवन निर्माण कुवाडी | १ लाख |
| ९ | कुवाडी  स्कुल पछाडीको बाटो ग्राभेल | ५० हजार |
| १० | बाबुलाल चर्च व्यवस्थापन | ५० हजार |
| ११ | सृजनाबस्ती रामदेवको घर हुदै जाने बाटो ग्राबेल | १ लाख |
| १२ | डिल्लीको घर देखी उत्तर विष्टको घर जाने बाटो मर्मत | ५० हजार |
| १३ | सडकबारी शिव मन्दिर अधुरो भवन निर्माण | १ लाख |

| | | |
|---|---|---|
| १४ | हुलाकी सडक देखि दक्षिण मिलनबस्ती जाने बाटो मर्मत | १ लाख |
| १५ | रामकुमार, भुपेन्द्र, रमेश कार्कीको घर जाने बाटो मर्मत | ५० हजार |
| १६ | रंजित टोलमा मदरसा टिन खरिद र सडकबारी भजन कृतन मण्डलीलाई सामाग्री खरिद | ७५ हजार |
| १७ | नर बहादुरको घर देखि  उत्तर अमरथप निस्किने बाटो मर्मत | ५० हजार |
| १८ | मेदेकोचको घरदेखि रामनारायण राजवंशीको घर सम्म बाटो ग्राबेल | १ लाख |
| १९ | हुलाकी सडक दक्षिण तर्फको नालामा स्ल्याब लगाउने | १ लाख |
| २० | रैजुनको घर जाने बाटो मर्मत | ५० हजार |
| २१ | शिक्षा विकास | ३ लाख |
| २२ | ह्युमपाइप खरिद | २ लाख |
| २३ | मर्मत सम्भार | ३ लाख २५ हजार |
| २४ | खेलकुद विकास | ५० हजार |
| २५ | बाल शिक्षा सामाग्री खरिद (सडकबारी)र जिमखाना रेडक्रस व्यवस्थापन | १ लाख |
| २६ | खड्काको कुल मन्दिर निर्माण | ५० हजार |
| २७ | कुवाडीमा मलामी टहरा निर्माण | ७५ हजार |
| जम्मा बजेट | | २६ लाख |

- वडा न. ३ तर्फ

